**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम**

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०७८।७९ को दोश्रो त्रैमासिक (कार्तिक - पौष) प्रगति विवरण



नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

# त्रैमासिक प्रतिवेदन (२०७८ कार्तिकदेखि २०७८ पौषसम्म)

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति

विश्वका हरेक मुलुकमा व्यक्ति विशेषको प्रमाणीकरणका लागि सरकारको तर्फबाट नागरिक पहिचान पत्र प्रदान गर्ने गरेको पाइन्छ। नेपालमा पनि सरकारको तर्फबाट नागरिक लागिलाई प्रदान गर्ने सेवा तथा सरकारको नियन्त्रण एवं अनुगमनमा अन्य सार्बजनिक निकायले प्रदान गर्ने सेवाका लागि सरकारबाट जारी गरिएको व्यक्ति पहिचान पत्रलाई उपयोग गरी सार्वजनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ। नेपालमा नागरिक पहिचानको मुख्य आधारको रुपमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि हुँदै आएको छ। एकीकृत, सुदृढ एवं प्रविधिमैत्री प्रणालीको अभावमा एउटै मानिसका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुन सक्ने सम्भावना रहेको अवस्थामा सर्वप्रथम आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भनी उल्लेख गरिएको थियो।

नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भयो। त्यस्तै तत्कालीन स्थानिय बिकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा पञ्जीकरण बिभागको स्थापना भयो। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यबस्थापन केन्द्र र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइँ सराइँ जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको केन्द्रीय पञ्जीकरण बिभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग** गठन भएको छ।

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएकोले यस विभागले सम्पादन गर्ने कार्यहरु मुलुकको शान्ति, सुरक्षा, सुव्यवस्था एवं सुशासन र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेको छ।
नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (५) "राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने। ", धारा ५१ (च) (७) "एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना

प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलव्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने ।" धारा ५१ (च) (८) "जनसांख्यिक तथ्याकंलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।" धारा ४३ "आर्थिक रुपले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।" संवैधानिक व्यवस्था रहेको छ।राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण व्यवस्थापन र सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने परिकल्पना गरेको देखिन्छ। विभिन्न दस्तावेजमा उल्लेख भएको सन्दर्भलाई राष्ट्रिय परिचयपत्र सम्बन्धी राष्ट्रिय नीतिको रुपमा विश्लेषण गरिएको छ।

**पन्ध्रौं योजना:** पन्धौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना (Game Changer Program) का रुपमा लिएको ।

**नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व. २०७७/७८):** नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी आगामी तीन वर्षभित्र सबै नागरिकलाई पृथक नम्वर सहितको राष्ट्रिय परिचयपत्र वितरण गरिने कुरा उल्लेख भएको।

**डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा रहेको व्यवस्था:** डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वयन योजनामा क्र.सं. १४ को पहल/संकेत ०१.१४ मा राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने व्यवस्था रहेको छ।

**आ. व. २०७७/०७८ को बजेट वक्तव्य:** सबै नेपालीको बायोमेट्रिक पहिचान र पृथक नम्वर सहितको राष्ट्रिय परिचयपत्र वितरण गर्न आगामी आ.व २०७७/०७८ मा थप १ करोड नागरिकको विवरण विद्युतीय प्रणालीमा अद्यावधिक गरिने कुरा उल्लेख भएको थियो भने आ.व. २०७८।७९ को बजेट मार्फत ७० लाख नागरिकको विवरण संकलन गरी ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गर्ने व्यवस्था गरिएको छ।

**गृह प्रशासन सुधार कार्ययोजना, २०७४:** ५ वर्षभित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने भन्ने उल्लेख भएको ।

**<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार</u>**

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- नागरिकका वैयक्तिक र जैविक विवरण संकलन, भण्डारण र प्रशोधन गर्ने।
- राष्ट्रिय परिचय नम्बर सहितको परिचयपत्र वितरण र सार्वजनिक सेवासँग आबद्धता गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्थापन गर्ने।
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।

- व्यक्तिगत घटनाको वैज्ञानिक रूपमा दर्ता एवं अभिलेखीकरण गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नीतिगत व्यवस्थापन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा आधुनिकीकरण गर्ने।
- व्यवस्थापन सूचना प्रणालीको विकास गरी उक्त प्रणालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण प्रविष्टि र व्यवस्थापन गर्ने।

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार

गृह मन्त्रालय

अनुसूची - १

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

### प्रशासन, योजना तथा अनुगमन शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**प्रशासन**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- क.अधिकृत, रा.प.तृ.(विविध) - १
- ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
- क.अ., रा.प.अनं.प्र. (विविध) - १
- ह.स.चा.श्रेणीविहीन (*करार*) - ५
- का.स. श्रेणीविहीन (*करार*) - ६

**योजना अनुगमन तथा समन्वय**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २

**जिन्सी**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

**आर्थिक प्रशासन**
- ले.अ., रा.प.तृ. (प्र./ले.) - १
- ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

### राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**परिचयपत्र**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

### पञ्जिकरण शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**पञ्जिकरण**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

### सामाजिक सुरक्षा शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**सामाजिक सुरक्षा**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

### सूचना प्रविधि शाखा
सू.प्र.नि., रा.प.द्वि. (विविध) - १

**प्रणाली विकास, प्रशोधन तथा छपाई**
- क. इन्जि., रा.प.तृ. (विविध) - २
- क. अधिकृत, रा.प.तृ.(विविध) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १
- क.टे., रा.प.अनं.प्र. (विविध) (*करार*) -८

**विद्युतिय सेवा समन्वय**
- क. इन्जि, रा.प.तृ. (विविध) - १
- त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
- त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
- क.टे. ,रा.प.अनं.प्र. (विविध) (*करार*)-४

## विभागको स्वीकृत स्थायी दरबन्दी तथा पदपूर्तीको विवरणः

| क्र.सं. | पद | श्रेणीतह/ | सेवा | समूह | स्वीकृत दरबन्दी | कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ४ | ४ | ० | |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि. | विविध | | १ | १ | ० | |
| ४ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ७ | ७ | ० | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृ. | आ.यो.तथा त. | तथ्यांक | १ | ० | १ | |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | २ | ० | ० | |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | २ | १ | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ६ | ६ | ० | |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ५ | ४ | १ | |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| **जम्मा** | | | | | **३३** | **३०** | **३** | |

## स्वीकृत अस्थायी दरबन्दीमा स्थायी कर्मचारी मार्फत कामकाज विवरण

| क्र.सं. | पद | संख्या | कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | ३ | २ | १ | |
| २ | नायब सुब्बा | १२ | ५ | ७ | |
| **जम्मा** | | १५ | ७ | ८ | |

## सेवा करारमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | कार्यरत संख्या | कैफियत |
| --- | --- | --- | --- |
| १ | कम्प्युटर इन्जिनियर | ७ | |
| २ | कम्प्युटर टेक्निसियन | १० | |
| ३ | विवरण दर्ता अपरेटर | ९७८ | विभाग तथा ७७ जिल्लामा स्थायी तथा घुम्ती विवरण दर्ता इकाईमा करार तथा ज्यालादारीमा कार्यरत विवरण दर्ता अपरेटर |
| ४ | हलुका सवारी चालक | ५ | |
| ५ | कार्यालय सहयोगी | ८ | |
| | **जम्मा** | १००८ | |

## विभागमा संचालित SSSPCR आयोजनाको आयोजना व्यवस्थापन इकाईमा कार्यरत व्यक्तिगत परामर्शदाता

<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>कार्यरत संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>Senior Procurement Specialist</td><td>१</td><td></td></tr>
<tr><td>२</td><td>Program Officer</td><td>१</td><td></td></tr>
<tr><td>३</td><td>Senior Account Assistant</td><td>१</td><td></td></tr>
<tr><td>४</td><td>Communication Specialist</td><td>१</td><td></td></tr>
<tr><td>५</td><td>Communication Officer</td><td>१</td><td></td></tr>
<tr><td>६</td><td>MIS Team Leader</td><td>१</td><td></td></tr>
<tr><td>७</td><td>System Analyst</td><td>१</td><td></td></tr>
<tr><td>८</td><td>Senior Database Analyst</td><td>१</td><td></td></tr>
<tr><td>९</td><td>Senior Software Developer</td><td>१</td><td></td></tr>
<tr><td>१०</td><td>MIS Developer/Programmer</td><td>३</td><td></td></tr>
<tr><td>११</td><td>MIS Support/Training Staff</td><td>४</td><td></td></tr>
<tr><td>१२</td><td>Project Admin Assistant</td><td>२</td><td></td></tr>
<tr><td>१३</td><td>MIS Operator</td><td>१०००</td><td rowspan="2">SSSPCR आयोजनाका लागि विभाग र ७५३ वटै स्थानीय तहको सेवा इकाई अन्तर्गत करारमा कार्यरत</td></tr>
<tr><td>१४</td><td>Field Assistant</td><td>१०००</td></tr>
<tr><td>१५</td><td>Driver</td><td>२</td><td></td></tr>
<tr><td>१६</td><td>Office Assistant</td><td>२</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०२२ जना</td><td></td></tr>
</table>

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने सेवा**

१) प्रत्येक नेपाली नागरिकहरुलाई बैयक्तिक र जैबिक बिबरण सहितको स्मार्टकार्ड प्रबिधिमा आधारित परिचयपत्र उपलव्ध गराउने र सो को ब्यबस्थापन गर्ने,

२) व्यक्तिगत घटना दर्ताको ब्यबस्थापन गर्ने,

३) सामाजिक सुरक्षा भत्ताको कार्यक्रम ब्यबस्थापन गर्ने।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारी**

- पञ्जीकरण शाखाः निर्देशक, श्री विनीता भट्टराई
- प्रशासन, योजना तथा अनुगमन शाखाः निर्देशक, श्री युवराज कटेल
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाः निर्देशक, श्री ललित कुमार बस्नेत
- सूचना प्रविधि शाखाः सूचना प्रबिधि निर्देशक, श्री सुभाष ढकाल
- सामाजिक सुरक्षा शाखाः निर्देशक, श्री मीना अर्याल

**सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** ऐन र नियमावली बमोजिम

**निर्णय गर्ने प्रक्रिया र अधिकारीः** सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः** महानिर्देशक

**दोश्रो त्रैमासिक (२०७८ कार्तिकदेखि पौषसम्म) सम्पादन कार्य विवरणः**

१. **राष्ट्रिय परिचयपत्र तर्फ**

- **राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन;**
  -२०७८ पौष मसान्तसम्मः ५४२५०९० जना (अभियान मार्फत ४६६३७३४ र इकाई मार्फत ७६१३५६)
- **२०७८ पौष मसान्तसम्म अभियान सम्पन्न**

- जिल्लाः ईलाम, भोजपुर, ताप्लेजुङ्ग, झापा, पाँचथर, तेह्रथुम, संखुवासभा, खोटाङ्ग, ओखलढुङ्गा, उदयपुर, मकवानपुर, चितवन, सिन्धुली, काभ्रेपलाञ्चोक, कास्की, पाल्पा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), गुल्मी, मनाङ्ग, सल्यान, डडेलधुरा, अछाम, कञ्चनपुर र डोटी (२५ वटा)
- स्थानीय तह: २७९ वटा
- वडा: २५४८ वटा

➢ **<u>२०७८ पौष मसान्तसम्म अभियान सञ्चालनमा रहेका जिल्ला:</u>**, धनकुटा, सुनसरी, मोरङ, सप्तरी, सर्लाही, भक्तपुर, सिन्धुपाल्चोक, तनहूँ, रुपन्देही, मुस्ताङ, स्याङ्जा, सुर्खेत, कैलाली (१३ जिल्ला)।

➢ **<u>२०७८ कार्तिकदेखि पौषसम्म भएका मासिक प्रगति विवरण:</u>**

| महिना | जम्म विवरण संकलन संख्या (जना) | अभियान मार्फत विवरण संकलन संख्या (जना) | दर्ता इकाई स्टेशन मार्फत विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (वटा) | अभियान सम्पन्न स्थानीय तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|
| कार्तिक | ३७५७२३ | २९९८७७ | ७५८४६ | - | २४ | १८४ |
| मंसिर | ३८७४१४ | २९१५९९ | ९५८१५ | ५ | १४ | २५१ |
| पौष | ४६८९७६ | ३६०१९२ | १०८७८४ | - | १५ | ४१ |

➢ **<u>अन्य</u>**

- २०७८।०८।०१ बाट राहदानी विभागसँग System Integration भैई राष्ट्रिय परिचयपत्रमार्फत e-Passport लागु भएको,
- CMIS र VERSP-MIS सँग System Integration भई कार्यान्वयनमा रहेको,
- राष्ट्रिय परिचयपत्रका लागि ८० जना विवरण दर्ता अपरेटर करारमा भर्ना गर्नका लागि दरखास्त आव्हानको सूचना प्रकाशन गरी छनौट चरणमा रहेको,
- परामर्शदाता IDEMIA मार्फत स्तरोन्नतिको काम सम्पन्न भइ संचालनमा रहेको र हाल Support तथा मर्मतको कार्य सुचारु रहेको,
- राष्ट्रिय परिचयपत्र खरिद/प्राप्तिको लागि LC को प्रक्रियामा रहेको,
- अभियानमार्फत अफलाइनमा विवरण प्रविष्ट गरी राष्ट्रिय परिचयपत्र नम्बर नपाउने महानुभावहरुको दर्तामा सेवाग्राहीहरुको सुविधाको लागि **SMS** प्रणालीमार्फत राष्ट्रिय परिचयपत्र नम्बर **(NIN)** उपलव्ध गराउन प्रारम्भ गरिएको छ।
- राष्ट्रिय परिचयपत्रको विवरण दर्तामा सेवाग्राहीको चापलाई मध्यनजर गर्दै विवरण दर्ताको लागि स्थायी स्टेशन थप देहाय अनुसार संख्या कायम गरिएको छः
    - ✓ २ वटा इलाका प्रशासन कार्यालयमा स्थापना गरिएको,

- ✓ जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा ४ वटा स्टेशन रहेकोमा ४ वटा थप गरी **जम्मा ८ वटा,**
- ✓ राहदानी विभागमा रहेको ३ वटा स्टेशन रहेकोमा ७ वटा थप गरी **जम्मा १० वटा**
- ✓ जिल्ला प्रशासन कार्यालय, ललितपुरमा २ वटा स्टेशन रहेकोमा ३ वटा थप गरी **जम्मा ५ वटा,**
- ✓ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहेको १ वटा स्टेशन रहेकोमा २ वटा थप गरी **जम्मा ३ वटा**

## २. <u>पञ्जीकरण तर्फ</u>

- ➢ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनाको निर्देशक समितिको बैठक सम्पन्न,
- ➢ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना प्राविधिक समितिको बैठक सम्पन्न,
- ➢ मिति २०७८।०८।२१ मा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत केन्द्रमा रहेका कर्मचारीको पारिश्रमिक पुनरावलोकन गर्ने गठित कार्यदलको बैठक सम्पन्न,
- ➢ कन्सुलर सेवा विभागसँगको समन्वयमा सप्तरी, सिराहा, धनुषा जिल्लाका जिल्ला प्रशासन कार्यालय, स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागितामा घटना दर्ताको विषयमा सहजिकरण गरिएको,
- ➢ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत भएको एकीकृत सामाजिक सुरक्षा लगतको दीर्घकालीन कार्यान्वयनको लागि स्रोत सुनिश्चितता गराउन गृह मन्त्रालय मार्फत अर्थ मन्त्रालय पठाउन लेखि पठाएको,
- ➢ विश्व बैंकको मिसनले मिति २०७८ मंसिर १३ देखि २४ (तदनुसार नोभेम्बर २९ देखि डिसेम्बर ९) सम्म सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (Strengthening System for Social Protection and Civil Registration: SSSPCR) को समग्र कार्यसम्पादन अवस्था, भावी रणनीति र ISR कार्यक्रम कार्यान्वयन लगायतका विषयमा यस विभाग र अन्य सम्बन्धित निकायका पदाधिकारीहरुसँग छलफल गरेको।
- ➢ मिति २०७८।०८।०३ मा सम्बन्ध विच्छेद दर्ता गर्न दुविधा देखिएमा मुलुकी देवानी संहिता, २०७४ को दफा ७०६ बमोजिम गर्न परिपत्र गरिएको,
- ➢ व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी IEC Materials उत्पादन तथा प्रसारणका लागि सेवा प्रदायक छनौटका लागि पुन: सूचना प्रकाशन,

- United Nations Economic and Social Commission for Asia and The Pacific (UNESCO) को आयोजनामा व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन (CRVS) सम्बन्धी दोस्रो मन्त्रिस्तरीय सम्मेलन Virtual माध्यम मार्फत मन्त्री ज्यूको उपस्थितीमा सम्पन्न,
- आर्थिक वर्ष २०७७/७८ को बार्षिक प्रतिवेदन तयार र सार्वजनिकरण,
- व्यक्तिगत घटना दर्ता सम्बन्धित **FAQ** तयार गरी सो सम्बन्धी ब्रोसर प्रकाशन,
- विभागका कर्मचारीहरुको क्षमता अभिबृद्धी सम्बन्धी खरिद व्यवस्थापन तालिम सेभ द चिल्ड्रेनको प्राविधिक सहयोगमा सम्पन्न,
- अनलाईनबाट घटना दर्ता शुरु हुने १ हजार वडाका स्थानीय पञ्जीकाधिकारीलाई प्रणाली सञ्चालन सम्वन्धी ९८ जनालाई तालीम प्रदान,
- सेवा इकाईका ६४ जना कर्मचारीहरुलाई पुनः ताजगी तालीम प्रदान,
- स्थानीय तहमा पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्तासँग आवद्ध कर्मचारी र बैंकका कर्मचारी जम्मा ४७१ जनालाई अभिमुखिकरण कार्यक्रम सम्पन्न,

- **अनलाईन मार्फत पौष मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरण:**
  - अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या – ५७१०
  - जन्म - १५३५३८७
  - मृत्यु - ३९८३०८
  - विवाह - ६०९२३८
  - सम्बन्ध विच्छेद - १८७५४
  - बसाई सराई – ३३१५६२
  - **कूल जम्मा घटना दर्ता संख्या – २८९३२४९**

- **अनलाईन मार्फत कार्तिकदेखि पौषसम्म मासिक रुपमा दर्ता भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण:**

| महिना | अनलाईन मार्फत दर्ता भएका संख्या (वटा) | | | | | | अनलाइन मार्फत शुरुवात गर्ने वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|---|
| | जन्म | मृत्यु | विवाह | बसाइ सराइ | सम्बन्ध विच्छेद | जम्मा | |
| कार्तिक | ५८७६१ | १५५२५ | २४५३३ | ९६०५ | ८९० | १०९३१४ | ४२ |
| मंसिर | ४११८९ | ९३२५ | १६७४६ | ७४७० | ६५५ | ७५३८५ | २७ |
| पौष | ११७४६७ | २४८७२ | ६२१६४ | ३५४३४ | १९७० | २४१९०७ | ८५ |

<u>सामाजिक सुरक्षा भत्ता तर्फ</u>

- सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सामाजिक लगत कायम गर्ने प्रणालीको विकास, स्थापना र सञ्चालन गर्न Integrated Social Registry (ISR) Framework लाई अन्तिम रुप दिई स्वीकृतिको लागि प्रक्रिया अगाडि बढाइएको,
- विश्व बैंक र सम्बन्धित निकायका पदाधिकारी समेतको उपस्थतिमा सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सामाजिक लगतको अवधारणा पत्रको मस्यौदामा छलफल गर्न मिति २०७८ मंसिर १७ गतेदेखि १८ गते सम्म Integrated Social Registry (ISR) Framework Stakeholder बिषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न,
- अनलाइन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरणको प्रभावकारिताको अध्ययन गर्ने उद्घेश्यले SSSPCR Project Beneficiaries को Satisfaction Survey को लागि कार्य क्षेत्रगत शर्त (Terms of Reference) तयार,
- सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धित **FAQ** तयार गरी सो सम्बन्धी ब्रोसर प्रकाशन,
- "सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा सरकार र नागरिकको भूमिका" विषयक प्रदेशस्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम दुई (३) स्थानमा र जिल्ला स्तरीय (१) स्थानमा सम्पन्न, (गण्डकी प्रदेशको कास्की – २०७८ कार्तिक १३ गते, प्रदेश नं १ को विराटनगर - मंसिर ११ गते, लुम्बनी प्रदेशको बुटवल -मंसिर २१ गते र ओखलढुङ्गा जिल्ला – कार्तिक २९ गते )
- सामाजिक सुरक्षा तथा घटना दर्तामा नीतिगत तथा कानुनी र अनलाइन प्रणाली सम्बन्धी ककनी गाउँपालिका, नुवाकोट, भेरी नगरपालिका, जाजरकोट र विरेन्द्रनगर नगरपालिका सुर्खेतमा १०० जना भन्दा बढि दुई दिने अभिमुखीकरण तालिम सम्पन्न,
- यस विभाग अन्तर्गत सञ्चालित आयोजना साथै कार्यक्रमको इनरुवा नगरपालिका, कोशी गाउँपालिका, सुनसरी, बुढीगंगा गाउँपालिका, मोरङ्ग र तिलोत्तमा नगरपालिका, रुपन्देहीमा स्थलगत अवलोकन र अनुगमन,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अनलाईन Entry संख्या पौष मसान्तसम्ममा ३३५६०६३ जना रहेको,
- सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने म्याद (कार्तिक मसान्त) भित्र सम्बन्धित कार्यालयमा निवेदन दर्ता गरेका तर सम्बन्धित कार्यालयको परिस्थितिजन्य कारणबाट विभागको अनलाइन प्रणालीमा प्रविष्टि हुन नसकी नवीकरण छुट भएका ८५५३ जना निवेदकहरुको विवरण प्रविष्ट गरी नवीकरण गर्न स्वीकृतिका लागि गृह मन्त्रालयमा पठाइएको।
- चालु आ.व २०७८/७९ को बजेट वक्तव्य मार्फत ७० वर्ष माथिका जेष्ठ नागरिक लाभग्राहीका लागि सामाजिक सुरक्षा भत्ता मासिक रु.३०००/- बाट रु.१०००/- थप गरी रु.४०००/- पुऱ्याईएको र अन्य लाभग्राहीको ३३ प्रतिशतले बृद्धि भएको बजेट रु २२ अर्व ५६ करोड ८ लाख थप अख्तियारी पठाएको,

- मिति २०७८/८/१६ गते राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले सञ्चालन गरेको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सूचना प्रणाली र महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालित कम्प्युटरकृत सरकारी लेखा प्रणाली वीच सेवा आवद्ध गर्ने सम्बन्धमा गठित कार्यदलले पेश गरेको प्रतिवेदन माथि छलफल तथा सामाजिक सुरक्षा भत्ता वितरण र प्रतिवेदन माथि छलफल गर्न विभागका महानिर्देशकको अध्यक्षतामा वैठक सम्पन्न,
- बीस जिल्लाका एकतिस स्थानीयतहबाट आ.ब २०७७/८७ को नपुग भएको रकम माग भएकोले LMBIS संशोधन तथा रकम निकासाका लागि अर्थ मन्त्रालयको स्वीकृतिका लागि पठाउने प्रक्रिया अगाडि बढाईएको,
- गत आर्थिक बर्षमा रहेका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीमध्ये चालू आ.व.मा भत्ता प्राप्त गर्नका लागि नविकरणको निवेदन दिन नआएकाले ३ लाख १३ हजार लाभग्राहिको नाम स्वत: प्रणालीबाट हटेको,

**<u>गुनासो सम्बोधन तर्फ</u>**

- पौष मसान्तसम्म गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त गुनासो दर्ता भएको संख्या: ७६१ वटामध्ये विभागसँग सम्बन्धित २९२ वटा रहेका छन्। जसमध्ये २३० वटा सम्बोधन गरिएको बाँकी ६२ वटा प्रक्रियामा रहेको,
- दोश्रो त्रैमासिकमा मात्र गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त गुनासा ७८ वटा सम्बोधन गरिएको,
- पौष महिना सम्ममा ईमेल मार्फत प्राप्त भएका गुनासो कुल जम्मा ९८ वटामध्ये ९७ वटा गुनासो सम्बोधन गरिएको,
- हेलो सरकार मार्फत प्राप्त गुनासा ७५ वटामध्ये ५३ वटा फर्छ्यौट भएका र २ वटा गुनासा प्रक्रियामा रहेको,

**<u>चालु आ.व.मा पौष मसान्तसम्मको भौतिक प्रगति</u>**

**आ.व. २०७८/०७९ पौष मसान्तसम्मको Milestone प्रगति विवरण**

| कार्यक्रम | मुख्य क्रियाकलाप संख्या | Milestone को संख्या | Milestone को संख्याको आधारमा प्रगति अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | पूर्ण (१००% प्रगति) | आंशिक (५०-९०% प्रगति) | आंशिक (२०-५०% प्रगति) | आंशिक (०-२०% प्रगति) |
| राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | १० | २३ | ५ | ३ | ३ | १२ |
| सामाजिक सुरक्षा तथा | ३ | ७ | ० | २ | १ | ४ |
| जम्मा | १३ | ३० | ५ | ५ | ४ | १६ |

| | | | | |
|---|---|---|---|---|
| **प्रगति प्रतिशत** | १६.६७ | १६.६७ | १३.३३ | ५३.३३ |

## वितीयतर्फ प्रगति

ब.उ.शि.नं.३१४०१०११३/४ चालु आ.ब.२०७८/७९ को पौष महिनासम्मको खर्चको स्थिति विबरण/खर्च प्रतिशत (रकम रु.हजारमा)

| विवरण | कुल बजेट | | | जम्मा खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | GoN | IDA | Total | GoN | IDA | Total | GoN | IDA | Total |
| चालु | ११८४०३२ | ७५९३०० | १९४३३३२ | ८९१६६७.२४४ | १३५३१.३२ | ९०५१९८.५६ | ७५.३१ | १.७८ | ४६.५८ |
| पुँजिगत | ३७६५०० | २१३२०० | ५८९७०० | ६१६२६.२६ | ७५८५७.४ | १३७४८३.६६ | १६.३७ | ३५.६ | २३.३१ |
| **कुल जम्मा** | **१५६०५३२** | **९७२५००** | **२५३३०३२** | **९५३२९३.५** | **८९३८८.७** | **१०४२६८२** | **६१.१** | **९.२** | **४१.२** |

## सूचना अधिकारी र प्रमुखको नाम र पदः-

प्रमुखः महानिर्देशक, श्री तिर्थराज भट्टराई

सूचना अधिकारीः निर्देशक, श्री युवराज कटेल

## ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- नेपाल सरकार कार्यविभाजन नियमावली (गृह मन्त्रालयको कार्यक्षेत्रमा परेको)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७
- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- सामाजिक सुरक्षा ऐन, २०७५ को पहिलो संशोधन अध्यादेश, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको,
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ को पहिलो संसोधन, २०७६

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन, २०७६)
- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)
- नेपाल सरकारका निर्णय तथा परिपत्रहरु,

**राष्ट्रिय परिचयपत्रको वेभसाईट भए सोको विवरण:** https://donidcr.gov.np

**सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण:** विश्व बैंकको सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना संचालन भईरहेको।

**सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** औपचारिक रूपमा सूचना माग नभएपनि विभागसँग सम्बन्धित सूचनाहरू सम्प्रेशण भैरहेको।

**समाप्त**